# कञ्चन गाउँपालिका स्तरीय
# अभ्यास परीक्षा २०८१
# विषय : सामाजिक अध्ययन

**कक्षा: १०** **पूर्णाङ्क: ७५**
**समय: ३ घण्टा**

**अति सङ्क्षिप्त उत्तर दिनुहोस्:** **११x१=११**

**समूह "क"**

१. हाम्रो राष्ट्रिय झण्डामा चन्द्र र सूर्यले के प्रतिनिधित्व गर्छन्?
२. नेपालमा संघीय शासन व्यवस्थाको आवश्यकता किन महसुस गरियो?
३. भ्रष्टाचार नियन्त्रणमा सक्रिय कुनै दुईओटा संस्थाको नाम लेख्नुहोस्।
४. के तपाईंले पुरुष हिंसाको वारेमा सुन्नुभएको छ ? पुरुष हिंसा हुनुको एउटा कारण उल्लेख गर्नुहोस्।
५. भीमदत्त पन्थ को थिए?
६. उपनिवेशवादलाई परिभाषित गर्नुहोस्।
७. नेपालमा प्रचुर सम्भावना भएर पनि पर्यटन व्यवसाय त्यति फस्टाउन सकेको छैन, किन ?एक वाक्यमा उत्तर दिनुहोस्।
८. समयमै कर तिर्नको लागि जनचेतना जगाउने एक आकर्षक नारा लेखिएको प्लेकार्ड तयार गर्नुहोस्।
९. स्थानीयकरणको एउटा बेफाइदा लेख्नुहोस्।
१०. विश्वव्यापारीकरणबाट अधिकतम फाइदा लिन नेपालले के गर्नुपर्छ?
११. जनगणना २०७८ अनुसार नेपालमा सहर बस्ने जनसङ्ख्याको प्रतिशत वृद्धि हुनुको कारण लेख्नुहोस्।

**समूह "ख"**

**सङ्क्षिप्त उत्तर दिनुहोस्:** **९x४=३६**

१२. हाम्रा सामाजिक मूल्य मान्यता जोगाई राख्न तपाईंले के कस्तो योगदान गर्न सक्नुहुन्छ ? बुँदागत रूपमा लेख्नुहोस्।
१३. "संघीय प्रणालीमा जनता र राज्यबिच सुसम्बन्ध हुन्छ" यो भनाइ पुष्टि गर्नुहोस्।
१४. राष्ट्रिय दिवसहरु कसरी मनाउनु पर्दछ भन्ने सुझाव दिँदै राष्ट्रिय दैनिकका सम्पादकलाई चिठी लेख्नुहोस्।
१५. हाम्रा कतिपय लोक तथा शास्त्रीय नृत्यहरु लोपोन्मुख अवस्थामा पुगेका छन्। यस्ता नाचहरुको संरक्षणका लागि स्थानीय सरकारले खेल्नुपर्ने भूमिका उल्लेख गर्नुहोस्।
१६. नेपाली समाजमा कुप्रथाहरु अझै कायम छन् । यस्ता कुप्रथाहरुले समाजको विकासमा पार्ने असरहरु उल्लेख गर्नुहोस्।
१७. निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नका लागि नागरिकको भूमिका उल्लेख गर्नुहोस्।
१८. अफ्रिका महादेशका प्रमुख आर्थिक क्रियाकलापहरु के-के हुन् ? उल्लेख गर्नुहोस्।
१९. निषेधिकार भनेको के हो ? कुनकुन राष्ट्रहरुले यो अधिकार प्रयोग गर्न सक्छन् ? यस्तो अधिकार दिनु ठिक छ कि छैन ? तपाईंको विचार व्यक्त गर्नुहोस्।
२०. तपाईंको समुदायका मानिसहरुले वातावरण संरक्षणका लागि के कस्ता कार्य गरेका छन् ? सूची बनाउनुहोस्।

**समूह "ग"**

**लामो उत्तर दिनुहोस्:** **७x४=२८**

२१. नेपालको संघीय कार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस्।
२२. पृष्ठ भरिने गरी नेपालको नक्सा कोरी उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरु भर्नुहोस्:

| | |
|---|---|
| १. रारा ताल | ३. कफी उत्पादन क्षेत्र |
| २. धनकुटा | ४. अरुण नदी |

अथवा

अफ्रिका महादेशको नक्सा कोरी उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्य भर्नुहोस्।

१. भूमध्य रेखा　　　　３. अरेवियन मरुस्थल

२. धनकुटा　　　　४. अरुण नदी

२३. वि.स. २०१७ देखि २०४६ सालसम्म घटेका कुनै तीन घटनाहरूको छोटकरीमा बयान गर्नुहोस्।

२४. तपाईंको परिवारको एक सदस्य विदेश पलायन हुने तयारीमा हुनुहुन्छ भने तपाई उहाँलाई विदेश पलायन हुनबाट रोक्न कस्तो भूमिका निर्वाह गर्न सक्नुहुन्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस्।

**। समाप्त ।**